मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८१/८२

सूचना नं. : ESC/१

मितिः २०८१/११/०४

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम आगामी आ. व. २०८२/८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक वार्षिक न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ देखि ५९ वर्ष उमेर समूहका विपन्न बेरोजगार नेपाली नागरिकहरूले २०८१ फागुन महिनाभरिमा आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आवश्यक कागजातसहित तोकिएको ढाँचामा वैयक्तिक तथा पारिवारिक विवरणहरू पूर्ण रूपमा भरी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरू :

१. नेपाली नागरिकताको दुवै भाग प्रष्ट बुझिने प्रतिलिपि १–प्रति ।

२. अन्य जिल्लाबाट जारी गरिएको नागरिकता प्रमाण पत्र भएमा बसाईंसराईं, विवाह दर्ता वा स्थायी बसोबास खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

३. स्ट्यान्डर्ड पासपोर्ट साइजको फोटो १–प्रति ।

**पुनश्च :** न्यूनतम रोजगारीका कार्यक्रमले सामाजिक तथा आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सीमान्तकृत समुदाय लगायतलाई योगदानमा आधारित सामाजिक सुरक्षा र संरक्षण उपलब्ध गराउने उद्देश्य लिएको छ । यसमा आबद्ध गर्ने लक्षित वर्ग विपन्न तथा सामान्य जीवनयापनमा कठिनाइ भई जोखिममा परेका नागरिक रहेका छन् । निवेदनको ढाँचा एवम् यस सम्बन्धी विस्तृत जानकारी सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

२०८१/११/०४
अद्रिरमण घिमिरे
रोजगार संयोजक(शाखा अधिकृत)